१८ ३८/३८

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६१२/२०७२/०७३**

**निर्णय नं. ३७**

जिल्ला, कास्की, लेकसाइड-६, पोखरा बस्ने पुष्प राज ढकाल ..............................१ } पुनरावेदक

**विरूद्ध**

श्री कार्यालय प्रमुख, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, ववरमहल काठमाडौ.................१ } विपक्षी
श्री सूचना अधिकारी, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, ववरमहल काठमाडौं ...............१ }

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला, कास्की, लेकसाइड-६, पोखरा बस्ने पुष्प राज ढकालले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, ववरमहल काठमाडौं समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।११।२० मा पुनरावेदन गरेको । उक्त पुनरावेदनको सम्बन्धमा यस आयोगको च. नं. १०४२ मिति २०७२।११।२३ को पत्रबाट पुनरावेदकलाई के कति कारणले माग बमोजिमको सूचना उपलब्ध नगराएको भनी लेखी गएको । तत् पश्चात नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको च.नं ६१५/०७२/०७३ मिति २०७२।१२।०७ को पत्रबाट यस संस्थाबाट लिईने परीक्षाको उत्तरपुस्तिका हेर्न दिने सम्वन्धी कार्यविधि तयार भै स्वीकृत हुन अन्तिम चरणमा रहेको भनी लेखी आएको ।

यसरी लामो समयदेखि त्यस संस्थाले कार्यविधि निर्माण हुँदैछ भनी अल्झाई रहेको देखिँदा उजुरीकर्ताले माग गरेको तपसिलको सूचना उजुरीकर्तालाई ७ (सात) दिन भित्र उपलब्ध गराई सोको जानकारी यस आयोगलाई दिनू भनी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, ववरमहल काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । यो आदेशको पालना नभएमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाईने व्यहोरा समेतको जानकारी उक्त पदाधिकारीहरुलाई गराउनू । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

**तपसिल**

१. उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि Taxation - मेम्बरशीप परीक्षा डिसेम्बर २०१५

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल असोज १२ गते रोज ४ शुभम् ।